धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ७९ ◆ २०८३ असोज १९ सोमबार ◆ Monday, October 5, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/–

## विचार, संघर्ष र नेतृत्व पुस्तकले नेपालको राजनीतिक जीवनका विभिन्न पक्षलाई समेटेको छः पूर्वराष्ट्रपति भण्डारी

*प्रत्यूष समाचारदाता*

काठमाडौं। पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले 'आनन्दप्रसाद पोखरेल : विचार, सङ्घर्ष र नेतृत्व' पुस्तकले नेपालको राजनीतिक जीवनका विभिन्न पक्षलाई समेटेको बताउनुभयो।

नेकपा (एमाले) जिल्ला कमिटी दोलखाद्वारा आइतबार काठमाडौं मा आयोजित पुस्तक लोकार्पण समारोहलाई सम्बोधन गर्दै पूर्वराष्ट्रपति भण्डारीले पुस्तकमा आनन्द प्रसाद पोखरेल को राजनीतिक यात्रा, वैचारिक दृष्टिकोण, सङ्घर्ष र नेतृत्वदायी भूमिकाका विभिन्न पक्षलाई समेटिएको उल्लेख गर्नुभयो। पुस्तकले उहाँको राजनीतिक जीवन र योगदानलाई बुझ्न महत्वपूर्ण सामग्री प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो। पूर्वराष्ट्रपति भण्डारीले राजनीतिक क्षेत्रमा लामो समयदेखि सक्रिय व्यक्तित्वको विचार, अनुभव र सङ्घर्षलाई पुस्तकका रूपमा दस्तावेजीकरण गर्नु महत्वपूर्ण कार्य भएको कुरा बताउनुभयो।

पुस्तकले राजनीति तथा सामाजिक क्षेत्रमा पोखरेलले पुऱ्याउनुभएको योगदान, उहाँका विचार र नेतृत्वका अनुभवलाई भावी पुस्तासम्म पुर्याउन सहयोग गर्ने उहाँको भनाइ थियो।

उक्त पुस्तकका लेखक आनन्दप्रसाद पोखरेलले जिवनमा आफुले भोगेका दुःख, कष्ट, राजनीतिक अनुभवका विषयका आधारमा पुस्तकमा उल्लेख गरिएको जानकारी दिनुभयो। लोकार्पण समारोहमा एमाले उपमहासचिव योगेश भट्टराई, पार्वत गुरुङ, आनन्द पोखरेल, झलक सुवेदी लगायत लेखक, साहित्यकार तथा विभिन्न क्षेत्रका व्यक्तित्वको सहभागिता रहेको थियो।

## बजेट प्रभावकारी रूपमा कार्यान्वयन गर्न मुख्यमन्त्री आचार्यको निर्देशन

दाङ। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले स्वास्थ्य क्षेत्रमा विनियोजन भएको बजेट प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशन दिनुभएको छ। सङ्घीय सरकारबाट प्राप्त सशर्त अनुदानको रकम खर्च हुन नसकी फिर्ता जाने अवस्था अन्त्य गर्नुपर्नेमा उहाँले जोड दिनुभएको हो।

राप्ती उपत्यका (देउखुरी) मा आइतबार भएको आर्थिक वर्ष २०८२/८३ मा सम्पादित स्वास्थ्य कार्यक्रमको प्रदेशस्तरीय समीक्षा कार्यक्रममा बोल्दै मुख्यमन्त्री आचार्यले स्वास्थ्य क्षेत्रलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको बताउनुभयो। प्रदेशको कुल बजेटको करिब १५ प्रतिशत स्वास्थ्य क्षेत्रमा विनियोजन गरिएको उहाँले जानकारी दिनुभयो।

"स्वास्थ्य क्षेत्रमा बजेटको अभाव हुन दिएका छैनौं। सङ्घीय सशर्तको बजेट कार्यान्वयनमा विशेष ध्यान दिन जरुरी छ", मुख्यमन्त्री आचार्यले भन्नुभयो, "गत वर्ष सङ्घीय सशर्तको बजेट फिर्ता भएको देखियो। सङ्घबाट आएको बजेट खर्च गर्न सकेनौं भने उतै फर्किएर जाने हो।"

सङ्घबाट प्राप्त हुने बजेट क्रमशः घट्दै गइरहेको अवस्थामा उपलब्ध स्रोतको प्रभावकारी उपयोग गर्नुपर्ने मुख्यमन्त्री आचार्यले बताउनुभयो। प्रदेश र स्थानीय तहबीच समन्वय गरेर स्वास्थ्य कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। मुख्यमन्त्री आचार्यले कुपोषण न्यूनीकरणलाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गर्नुपर्नेसमेत बताउनुभयो। स्थानीय तहसँग समन्वय गरी कुपोषण बढी देखिएका तराईका दक्षिणी क्षेत्रमा कार्यक्रम केन्द्रित गर्नुपर्ने उहाँको भनाइ छ। पोषण सुधारका लागि स्वास्थ्य सेवासँगै नागरिकको चेतनास्तर अभिवृद्धिमा ध्यान दिनुपर्ने उहाँले बताउनुभयो। विद्यालय केन्द्रित स्वास्थ्य कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्ने भन्दै मुख्यमन्त्री आचार्यले विद्यालय तहबाटै स्वस्थ जीवनशैली र पोषणसम्बन्धी चेतना विकास गर्न आवश्यक रहेको बताउनुभयो। स्वास्थ्यका विभिन्न सूचकमा सुधारका संकेत देखिएको भए पनि खोपको सूचकमा थप सुधार आवश्यक रहेको उहाँले बताउनुभयो। अस्पतालको व्यवस्थापन लाई प्रभावकारी बनाउन निर्देशन दिँदै मुख्यमन्त्री आचार्यले अस्पतालभित्र हुने चुहावट नियन्त्रण गर्नुपर्ने बताउनुभयो। अस्पताललाई क्रमशः आत्मनिर्भर बनाउने गरी विशेष योजना बनाएर अघि बढ्नुपर्ने उहाँको भनाइ छ। अस्पताल नाफा कमाउँदै जाने तर सरकारी अस्पताल घाटामा रहने अवस्थाको अन्त्य गर्न चुहावट नियन्त्रणका लागि विशेष योजना बनाउनुपर्नेमा मुख्यमन्त्री आचार्यले जोड दिनुभयो।

# लोकतान्त्रिक मूल्य र मान्यताबाट डगमगाउनेवाला छैनौंः रास्वपा सभापति लामिछाने

*प्रत्यूष समाचारदाता*

काठमाडौं। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले लोकतन्त्र का मूल्य र मान्यताबाट आफूहरु कहिल्यै नडगमगाउने अडान व्यक्त गर्नुभएको छ।

नेपाली कांग्रेसको १५औँ महाधिवेशनको उद्घाटन समारोहमा शुभकामना मन्तव्य व्यक्त गर्नुहुँदै सभापति लामिछानेले लोकतान्त्रिक मूल्य र मान्यतालाई अझ सुदृढ र संस्थागत बनाउने पक्षमा पार्टी रहेको स्पष्ट गर्नुभयो। उहाँले भन्नुभयो, "तपाईंहरूमाझ पूर्ण विश्वाससहित भन्न चाहन्छु, हामी लोकतन्त्रका मूल्य र मान्यताबाट डगमगाउनेवाला छैनौं। यससँग सम्बन्धित संस्थालाई अझ बलियो बनाएर नेपाली जनताको त्याग, बलिदान र तपस्याबाट प्राप्त परिवर्तनको रक्षा गर्ने क्रममा अग्रपङ्क्तिमा उभिनेछौं।"

सभापति लामिछानेले लोकतन्त्रलाई निर्वाचनका माध्यम बाट मात्रै समृद्ध बनाउनसक्ने बताउनुभयो। राजनीतिक आस्था र विश्वास अलग हुनसक्ने भए पनि सरकारको नियत सही भएको उहाँको भनाइ छ।

"सरकारको नियत सही छ। कुनै निर्णय विवादमा पर्न सक्लान्, कुनै निर्णय खराब हुन सक्लान्, हामी सच्याउँछौं", उहाँले भन्नुभयो, "तर लोकतन्त्रप्रतिको हाम्रो प्रतिबद्धता, त्यसमा दायाँबायाँ हुँदैन, त्यसलाई डगमगाउन दिँदैनौं। म यहाँहरूलाई विश्वस्त हुनका निम्ति अनुरोध गर्न चाहन्छु", सभापति लामिछानेले भन्नुभयो।

"म यहाँहरूलाई विश्वस्त हुनका लागि अनुरोध गर्न चाहन्छु। मैले त्यतिखेर संसदै भनेको थिएँ कि दुई ठूला राजनीतिक दलबिना कुनै कारण, विनाकुनै सङ्कट, विनाकुनै उद्देश्य एक ठाउँमा आउँदा त्यसले सङ्कट पैदा गर्छ भनेर।" उहाँले विगतलाई स्मरण गर्दै भन्नुभयो, "अहिले त्यो सत्य सावित भएको छ, त्यसले हामीलाई जन्मायो। म तपाईंहरूलाई फेरि पनि विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु। लोकतन्त्रको यति धेरै दुहाइ पनि नदिनुहोस् कि लोकतन्त्रको सबै रक्षा हामीले नै गर्छौं भनेर, पूरै ठेक्कापट्टा लिने काम नगर्नुहोस्।"

इतिहासलाई साक्षी राखेर इतिहास बदल्ने प्रेरणासहित सरकार गठन गरेको स्पष्ट गर्नुहुँदै पार्टी सभापति लामिछानेले लोकतन्त्रमाथि मुलुकमा अहिले कुनै पनि प्रकारको खतरा नभएकाले ढुक्क हुन सबैसँग अनुरोध गर्नुभयो।

लोकतन्त्रमाथि कहींकतै बाट खतरा देखिए त्यसको प्रतिवाद नेपाली जनताले गरी लोकतन्त्र जोगाउने स्पष्ट गर्नुहुँदै सभापति




लामिछानेले देश र जनताका पक्षमा रचनात्मक सहयोग गरी नेपाली जनताको विश्वास जितेर आगामी चुनाव मार्फत सरकारमा आउन बाटो रहेको बताउनुभयो।

नेपालको लोकतान्त्रिक आन्दोलनमा नेपाली कांग्रेसको भूमिका महत्वपूर्ण रहेको चर्चा गर्नुहुँदै उहाँले देशको सबैभन्दा पुरानो पार्टी कांग्रेसको महाधिवेशन सफलताको कामना गर्नुभयो।

# निरन्तरताको क्रमभंग गरेर कांग्रेसले देशको नेतृत्व गर्नुपर्छः दाहाल

*प्रत्यूष समाचारदाता*

काठमाडौं। नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले निरन्तरताको क्रमभङ्ग गरेर कांग्रेसले देशको नेतृत्व गर्नुपर्नेमा जोड दिनुभएको छ।

नेपाली कांग्रेसको १५औं महाधिवेशनको उद्घाटन समारोह लाई सम्बोधन गर्दै संयोजक दाहालले कांग्रेस सभापति गगनकुमार थापाले पार्टीको नेतृत्वमा निरन्तरताको क्रमभङ्ग गरेर नयाँ इतिहासतर्फ अघि बढाएको उल्लेख गर्नुभयो।

सभापति थापालाई बधाई दिँदै संयोजक दाहालले आफू प्रधानमन्त्री हुँदा थापा स्वास्थ्यमन्त्री रहेको स्मरण गर्दै उहाँको राजनीतिक यात्राप्रति आफू खुसी रहेको बताउनुभयो। "गगनजीलाई बधाई छ, गगनजीमा नेतृत्व गर्ने क्षमता छ, अन्ततः यो देशको नेतृत्व गर्ने अवस्था आउन सक्छ भनेको थिएँ, आज त्यही देखिरहेको छु", संयोजक दाहालले भन्नुभयो। संयोजक दाहालले कांग्रेसभित्र अझै छुटेका नेता तथा समूहलाई जोडेर अघि बढ्न सभापति थापालाई आग्रह गर्नुभयो। पार्टीलाई थप एकताबद्ध बनाएर अघि बढाउनुपर्नेमा कांग्रेसको नयाँ नेतृत्व लाग्नुपर्ने उहाँको भनाइ थियो।

कांग्रेस सभापति थापाले अब कांग्रेसको नेतृत्वमा मात्रै सीमित नरही देशकै नेतृत्व गर्ने बाटोमा अघि बढ्नुपर्ने भन्दै संयोजक दाहालले त्यसका लागि आफ्नो साथ र सहयोग रहने बताउनुभयो। उहाँले मुलुकमा गणतन्त्र र लोकतन्त्रसमेत जोखिममा पर्न सक्ने अवस्था रहेको भन्दै राजनीतिक दलहरू सचेत हुनुपर्ने उल्लेख गर्नुभयो। लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न प्रमुख राजनीतिक शक्तिहरूबीच सहकार्य आवश्यक रहेको उहाँको भनाइ थियो।

संयोजक दाहालले आफू र कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाबीच भएको शान्ति सम्झौताका केही काम अझै पूरा हुन बाँकी रहेको भन्दै त्यसलाई टुङ्ग्याउन वर्तमान सभापति थापा लाग्नुपर्ने बताउनुभयो। "शान्ति सम्झौताका केही चिज अझै




टुङ्ग्याउन बाँकी छ, यो टुङ्गिएन भने देश फेरि अर्को द्वन्द्वमा जान सक्छ, यो पनि गगन थापाले पूरा गर्नुपर्ने छ", उहाँले भन्नुभयो। मुलुकको समृद्धि र विकासका लागि सबै राजनीतिक शक्ति मिलेर अघि बढ्नुपर्ने संयोजक दाहालको भनाइ थियो।

# कांग्रेसले आफूलाई समयअनुसार रुपान्तरण गरेको छ : डा भट्टराई

*प्रत्यूष समाचारदाता*

काठमाडौं। पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले नेपाली कांग्रेसले आफूलाई समय अनुसार रुपान्तरण गर्न सकेको बताउनुभएको छ।

नेपाली कांग्रेसको १५औं राष्ट्रिय महाधिवेशनको उद्घाटन सत्रमा आइतबार शुभकामना मन्तव्य व्यक्त गर्नुहुँदै डा भट्टराईले राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिवेशलाई आत्मसात् गरी समयानुकूल कांग्रेस परिवर्तन भएको कुरा बताउनुभयो। देशमा संविधान जारी भएपछि लोकतन्त्र को एउटा चरण पूरा भएको र अब पुरानो पार्टीका रुपान्तरण वा वैकल्पिक शक्ति आवश्यक छ भन्दै आफूले १२ वर्षअघि अभियान सुरु गरेको स्मरण गर्दै उहाँले रुपान्तरणको नारासहित कांग्रेस अघि बढेकामा खुसी व्यक्त गर्नुभयो। पूर्व प्रधानमन्त्री डा भट्टराईले भन्नुभयो, "पुराना पार्टी रुपान्तरण हुनुपर्छ, होइन भने सबै दलका रुपान्तरण कारिहरु मिलेर एउटा पार्टी बन्नुपर्छ वा वैकल्पिक शक्ति बन्नुपर्छ भनेर नेकपा (माओवादी) मा हुँदैमा मैले भनेको थिएँ। १२ वर्षपछि यो सिद्ध हुँदै गएकामा खुसी व्यक्त गर्दछु", डा भट्टराईले भन्नुभयो, "विश्वमा भएको चमत्कारिक विकासका बीच हाम्रा दलहरु हिजो पुरानै ढाँचामा रहिरनुहुँदैन।"

राष्ट्रिय र अन्तरराष्ट्रिय परिवेश बुझ्न जरुरी छ। नयाँ सिक्न नजान्ने मान्छे एक प्रकारले निरक्षर हुन्। हामी सबै दलले आगामी २० वर्षको योजना बनाउनमा प्रतिस्पर्धा गरौं। जसको राम्रो हुन्छ, त्यसको योजना कार्यान्वयन गरौं।"

डा भट्टराईले नेपालको चुनौतीको सामना गर्न कांग्रेसले अग्रणी भूमिका खेलोस् भन्दै




आफूहरु शान्ति प्रक्रियामा आउँदै गर्दा एक विदेशी पत्रकारले सोधेको प्रश्नमा गगन थापालाई भोलिको नेताका रुपमा चित्रण गरेको स्मरण समेत गर्नुभयो।

## सम्पादकीय ....

# परिवर्तनके लागि प्रविधि जरुरी

प्रविधि विकासको प्रक्रियामा नागरिक समाजलाई उपभोक्ता मात्र नभई सहआविष्कारकका रूपमा जबसम्म सहभागी गराइँदैन, तबसम्म पुँजी र नीतिको बलमा मात्र कुनै पनि नवप्रवर्तनलाई टिकाउन सकिँदैन । तसर्थ, क्वाड्रापल हेलिक्स मोडलले प्रस्तुत गरेको तर्क अकाट्य छ- प्रविधिको अन्तिम परीक्षा प्रयोगशालाबाहिरको वास्तविक समाजमा हुन्छ; र सामाजिक न्याय, सांस्कृतिक अनुकूलता तथा नागरिक सहमतिविनाको नवप्रवर्तन अन्ततः आर्थिक र प्राविधिक रूपमा समेत निरर्थक ठहरिन्छ ।

विकासको परम्परागत ढाँचामा देखिएको यो गतिरोध कुनै संयोग नभई नीति, अनुसन्धान, पुँजी र सामाजिक आवश्यकताबीचको प्रणालीगत विच्छेदको नतिजा हो । जबसम्म कुनै देशले ज्ञान उत्पादनलाई आर्थिक वृद्धि र सामाजिक उपयोगसँग जोड्दैन, तबसम्म समृद्धि भाषणमा मात्र सीमित रहन्छ ।

नेपालजस्तो बहुसांस्कृतिक, बहुभाषिक र भौगोलिक रूपमा विविधतायुक्त मुलुकमा प्रविधिलाई केवल यान्त्रिक सूचकका आधारमा मूल्याङ्कन गर्नु अपूर्ण हुन्छ । प्रविधि प्राविधिक रूपमा कति आधुनिक छ ? भन्नेभन्दा पनि यसले समाजका कुन वर्गलाई समेट्छ र नागरिकको दैनिकीमा कस्तो सहजता ल्याउँछ ? भन्ने प्रश्न बढी महत्वपूर्ण हो ।

सामाजिक न्याय, सांस्कृतिक अनुकूलता र स्थानीय आवश्यकतासँग नजोडिएको प्रविधिले विकास होइन, उल्टै डिजिटल विभाजन बढाउँछ। तसर्थ, नेपालमा नवप्रवर्तनको औचित्य त्यसको प्राविधिक जटिलतामा होइन, नागरिक जीवनमा ल्याउने समावेशी रूपान्तरणमा निहित हुन्छ ।

सन् २०१३ मा गुगल ग्लासको व्यावसायिक असफलता अर्को उदाहरण हो । कुनै प्रविधि जतिसुकै अत्याधुनिक भए पनि यदि त्यसले मानिसको गोपनीयता, सामाजिक शिष्टाचार र व्यक्तिगत अधिकारजस्ता आधारभूत मूल्यहरूमा अतिक्रमण गर्छ भने समाजले त्यसलाई उपभोग्य वस्तुका रूपमा स्वीकार गर्दैन ।

प्राविधिक विकास र त्यसको सामाजिक स्वीकार्यताबीच द्वन्द्वात्मक सम्बन्ध हुन्छ । जब कुनै नवप्रवर्तनले समाजको विद्यमान संरचना, सांस्कृतिक मूल्यमान्यता र नागरिक चेतनालाई बेवास्ता गर्छ; तब त्यसले समाजबाट स्वाभाविक प्रणालीगत प्रतिरोधको सामना गर्नुपर्छ । ट्रिपल हेलिक्स मोडलले प्रविधिलाई केवल प्रयोगशालाबाट बजारसम्म जोड्ने एकोहोरो प्राविधिक बाटोका रूपमा हेर्‍यो, जसले गर्दा प्रविधिलाई सामाजिक र सांस्कृतिक परिवेशबाट अलग्याइयो। परिणामस्वरूप, प्राविधिक रूपमा त्रुटिरहित मानिएका नयाँ आविष्कारहरू पनि सामाजिक धरातलमा पूर्णतः असफल हुन पुगे ।

जीएम बालीले वैज्ञानिक र व्यावसायिक स्तरमा खाद्यान्न उत्पादन बढाउने प्राविधिक क्षमता पुष्टि गरे तापनि युरोपेली सङ्घका १८ भन्दा बढी राष्ट्रहरूका नागरिक समाज, वातावरणविद् र उपभोक्ताहरूले यसलाई अस्वीकार गरे। यो असफलता प्राविधिक अक्षमताका कारण नभई खाद्य संस्कृति, जैविक-नैतिकता र दीर्घकालीन स्वास्थ्य जोखिमप्रतिको नागरिक चिन्तालाई सम्बोधन गर्न नसक्नुको परिणाम थियो ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

# प्रिय टेकराज तिमीलाई बिदाइ होइन, बस् सम्मान.............

कालिका खड्का

कुशल पत्रकारिता र असल शिक्षक मात्र होइन, तिमी आफ्नो मातृभाषा थामी भाषामा पनि निकै निपुण थियौ । गोरखापत्रमा थामी भाषाको पृष्ठ संयोजक, थामी भाषाको पुस्तक लेख्ने, विद्यालयको पाठ्यक्रम तयार गर्ने, भर्खरै कक्षा चारको थामी भाषाको पुस्तक तयार गरेर पढाउन सुरु गरेका थियौ । नेपाल थामी समाजका अध्यक्ष रणबहादुर थामीसँग 'अब त थामी भाषाको पाठ्यपुस्तक लेख्न मलाई आइडिया आयो, म अरू किताब लेख्न सक्छु' भनेर खुसीले फोनमा कुरा गरेको अस्तिजस्तो लाग्छ तर तिम्रो हातले थामी भाषाको पुस्तक चार कक्षासम्म मात्र लेख्न भ्याए ।

आफ्नो भाषाको खम्बा सम्पर्कविहीन भएपछि नेपाल थामी समाजमा बेचैन भएको तिमीलाई थाहा भयो कि भएन ?

तिम्रो पिएचडी गर्ने धोको थियो । एउटा पुस्तक प्रकाशन गर्ने अन्तिम तयारी थियो । दसैंसम्म सक्छु भनेर लेखिरहेका थियौ । एउटा गाडी किनेपछि घरको पार्किङ पूरा हुन्छ भन्थ्यौ । सायद तिम्रा अधुरा सपना धेरै थिए । हरेक महिना पहिलो शनिबार परिवार नै 'ट्रेकिङ' जाने योजना बनाएका थियौ । त्यो योजना सुरु नै नभई अन्त्य भयो । प्रकृतिले यति क्रूर रूप देखाउला र तिमीलाई 'अइया' भन्न समेत नदेला भन्ने कल्पनै भएन । सुन्दर भविष्य र सपनाहरू बोकेर हिँडेको एउटा कञ्चन मान्छेलाई अकल्पनीय रूपमा प्रकृतिले आफैँसँग लियो ।

प्रिय जी ! तिमीलाई लाग्यो होला । मलाई यति कष्ट पर्दा मेरी श्रीमतीले खोजिनन् भनेर । त्यो सत्य होइन । मैले खोजेर भेटिने भए, मैले मेरो पूरै ज्यान दिन्थेँ । भदौ १० गते बुधबार बिहान 'साउथ एसिया रिसर्च सेन्टर इन सउथवेस्ट चाइना' का आयोजक बिहान ७:०० बजे मितेरी पुलमा चिनियाँ साथी लिन आउने कुरा थियो । मलाई लाग्यो, बिहान आयोजकले लिएर जानुभयो । चीनतर्फ फोन लाग्दैन । हिमपहिरोपछि बत्ती नभएर इन्टरनेट उपलब्ध हुन सकेन । फोन म्यासेजको प्रतीक्षा गर्दागर्दै त्यो दिन बित्यो । भोलिपल्ट बिहान लिन आउने स्थान रसुवागढी पुल नै भएको भन्ने बोध भयो तर लगत्तै पत्रकार अन्वेषण अधिकारी लगायतले अनलाइन देखेको भन्ने भयो । सम्पर्कमा तिमी आउँछौ भन्ने विश्वास भयो ।

जी ! तिम्रो बानी फेरि अनौठो थियो । केही गरी एक/दुई घण्टा सम्पर्कमा म आउन सकिनँ भने तिमी आत्तिन्थ्यौ तर तिमी काममा गएका बेला काम सकेर विस्तारै एक/दुई दिनमा विस्तारै सम्पर्कमा आउँथ्यौ । यसपालि पनि मलाई यस्तै लाग्यो । तिमी सम्पर्कमा आउँछौ भन्ने ढुक्कमा थिएँ म ।

प्रतीक्षा गर्दागर्दै दिन बित्यो, रात बित्यो तर फोन म्यासेज केही आएन । लिन आउने आयोजक पनि बुधबार बिहान ८:१९ पछि अनलाइन देखिएनन् । शुक्रबार थाहा भयो कि तिमीले कसैलाई फोन गर्न भ्याएकै थिएनौ । मोबाइलको सिम ट्र्याकिङ गरेर हेर्दा रसुवागढी बोर्डरमै ८:२१ मा तिमीलाई देखायो । बिहान ८:४० मा हिमपहिरो आयो । त्यसले यति क्रूर रूप देखायो कि तिमीलाई एक पल केही सोच्नै दिएन ।

तिमीलाई खोज्ने क्रममा परराष्ट्र मन्त्रालय पुगेर नेपाल-चीनको सीमाको अध्यागमन इन्ट्री र पास भए/नभएको हेरेँ । पास भएको नामावलीमा तिम्रो नाम कहीँ देखिएन । मानसरोवर जाने र लाङटाङ जाने ६/७ सय मानिस लाइनमा थिए भन्ने जानकारी प्राप्त भयो । हुन त तिमीसँग अघिल्लो दिन बेलुका कुरा हुँदा भनेका थियौँ, मानसरोवर जानेको धेरै भीड छ भनेर तर मैले त्यतिसम्म भीड होला अनि, प्रकृतिले त्यतिसम्मको क्रूरता देखाउला भन्ने अनुमान नै भएन । चिनियाँ दूतावासमार्फत् खोजिदिन अनुरोध गरेँ । सञ्चारमन्त्रीले फोन गर्नुभयो । गएर कुराकानी गरेँ । खोज्नका लागि कहाँकहाँ पुग्नुपर्ने हो, सबै ठाउँमा पुगेँ । तर तिमीलाई खोज्न सम्भव नभएको सुनेपछि धेरै दिन म मुर्छित भएँ । मलाई असाध्यै सहनै नसक्ने पीडा भयो । मलाई एक प्रकारले निरीह महसुस भयो । म मात्रै होइन भाइ (देवर) विदेशबाट आएर नेपाली सेनाको हेलिकप्टरमा खोज्न भनेर रसुवा-नुवाकोट निस्किनुभयो । हाम्रा भाइहरू अस्पताल अस्पताल धाए तर तिमीलाई कहीँ भेट्न सकेनन् । हार खाएर बेपत्ताको सूचीमा फोटो टाँसेर भक्कानिँदै खाली हात फर्किए ।

तिमीलाई लाग्यो होला जी ! तिमी हराएपछि विक्षिप्त तिम्रो श्रीमती मात्रै भइनँ, तिम्रो छोरी, तिम्रो बाबुआमा, परिवार सबै आँसुको तलाउमा डुबे । तिमीलाई माया गर्ने कसैको आँखा ओभानो थिएन । तिमीले पढाउने कलेजका शिक्षक, विद्यार्थीले सकुशल भेटियोस् भनेर प्रार्थनासभा नै गरे । तिमीले अँगालेको पत्रकारिता क्षेत्र, सिङ्गै देश शोकमा डुब्यो । तिम्रो उपस्थिति नहुँदा तिम्रो सम्मानमा सबै एक ठाउँमा उभिनुभयो । त्यो तिम्रो सिङ्गो जीवनको कमाइ हो जी ! तिमी दुःखी नहुनु । तिमीले आफ्नो जीवनकालमा जति जे गर्न भ्यायौ । समाजका लागि, राष्ट्रका लागि दिएर गयौ । तिमी देशलाई माया गर्ने एउटा असल नागरिक हुनुका नाताले आफ्नो कर्तव्य सफलता पूर्वक निर्वाह गर्‍यौ ।

तिम्रो खबरको प्रतीक्षामा दिनरात जुट्दाजुट्दै झण्डै महिना बित्न लाग्यो । सबैले तिमीलाई प्रकृतिले लिएको कुरा स्वीकार गर्न अनुरोध गर्नुभयो ।

सबैले मलाई बलियो हुनुपर्छ भन्नुभयो । यसरी जीवन चल्दैन भन्नुभयो । कसरी ? म आफैँले आफैँलाई पटकपटक प्रश्न गरेँ तर, म प्रयास गरिरहेकी छु । किनकि हाम्रो सहयात्रा सुरु भएदेखि नै 'मेरो श्रीमती सक्षम छिन्, मलाई केही भइहाल्यो भने पछि बच्चालाई राम्रोसँग हेर्छिन् भन्थ्यौ, तिमी मेरो श्रीमती मात्रै होइन, आमा हौ, देवी हौ, सबैथोक हौ भन्थ्यौ ।'

श्रीमतीलाई मात्रै होइन, स्त्रीजातिप्रति तिम्रो विशेष सम्मान थियो । महिलाहरू आत्मनिर्भर हुनुपर्छ । सक्षम हुनुपर्छ भनिरहन्थ्यौ । तिम्रो साथ, आँट, भरोसा, माया र विश्वास सायद मेरो जीवनको खुट्टा टेक्ने बलियो आधार तयार भएको छ । तिमी सधैँ स्वाभिमानी भएर, खुसी भएर शीर ठाडो बनाएर हिँड्नु भन्थ्यौ । तिम्रो हँसिलो अनुहार देख्नेबित्तिकै सबै दुःख भुल्छु भन्थ्यौ । केरुङ जानु केही दिनअघि मात्रै भनेका थियौ, 'देशमा अशान्ति छ, विश्वभरि नै केही न केही अशान्ति छ, मेरो घरमा मात्रै शान्ति छ भन्थ्यौ, त्यो शान्तिको नाम तिमी रहेछौ, तिमी हराएदेखि घर अशान्त छ ।' यो सबै सम्झिएर तिम्रो विश्वासमा म धुमिल हुन दिन सक्दिनँ । मैले बलियो हुनुपर्छ । खुट्टा टेक्नैपर्छ ।

तिमीलाई जहिले पनि म बिरामी हुँदा बढी दुख्थ्यो तर बिरामी तिमी बढी हुन्थ्यौ ।

तिमीलाई सधैँ म खुसी र सफल भएको हेर्ने मन थियो । श्रीमतीको खुसीमा तिमी मभन्दा धेरै खुसी हुन्थ्यौ । एउटा असल पति हौ तिमी । जीवनसाथी का रूपमा तिमी जतिको असल मान्छे मैले अरू कल्पना गर्न सक्दिनँ ।

जी ! तिमी असल पति मात्रै होइन, कुशल बाबु हौ । शुक्रबारको दिन तिम्रो अफिस बिदा हुने भएकाले छोरी आउने बाटोमा कुरेर बस्थ्यौ । उनलाई मनपर्ने खाना खुवाएर घुमाएर ल्याउँथ्यौ । बाबुछोरी खुब गफिन्थ्यौ । आमाले भनेको मान्नु, राम्रो पढ, असल मान्छे हुनुपर्छ आदि... भन्थ्यौ । तिमी हरेक क्षेत्रमा असाधारण व्यक्तित्वका धनी थियौ । तिम्रो सम्मान र सम्झनामा म सधैँ रोएर तिम्रो मप्रतिको भरोसालाई निराश बनाउन सक्दिनँ । मप्रतिको तिम्रो विश्वासलाई कमजोर बनाउन सक्दिनँ ।

तिमी एउटा निडर र साहसिक पत्रकार हौ । सधैँ पढिरहने, फिल्म हेरेर ठूलो स्वरले हाँस्ने, तिम्रो उपस्थितिले घर उज्यालो हुन्थ्यो । तिमी कहिले पनि नरिसाउने, हाँसिरहने शक्तिशाली सुन्दर व्यक्तित्वका धनी थियौ । तिमीले आफ्नो हरेक जिम्मेवारी कुशलता पूर्वक पूरा गर्‍यौ । जति बाँच्यौ, साँच्चै ढुक्कले बाँच्यौ । दुःख त मनमा थिए होलान्, तर देखाएनौ । सधैँ हाँसेर खुसी भएर बाँच्यौ । तिमीलाई कहिले पनि हतार नहुने । मलाई हतार हुँदा नि 'पछि गरौँला नि, काम बस न एकछिन' भन्थ्यौ । तर खै ! तिमीले प्रकृतिको केही बिगार गरेका त थिएनौ, तैपनि तिमीलाई लैजान धेरै हतार गर्‍यो ।

तिम्रो अत्यन्तै कोमल हृदय । परिवारलाई अत्यन्तै माया गर्ने स्वभाव, जीवनसाथीभन्दा पनि रमाइला साथी थियौ । भरपर्दो र विश्वासिलो, आमाको काखजस्तो, बाबुको काँध जस्तो कुशल अभिभावक थियौ । तिमीसँग बिताएका मेरा प्रत्येक पलहरू कति सुन्दर थिए । ती सबै म अहिले शब्दमा वर्णन गर्न सक्दिनँ । रिस र झगडा भनेको कहिले पनि तिमीमा देखिएन । मायाको अर्को नाम हौ तिमी । म अब तिम्रो अनुपस्थितिमा कसरी अघि बढ्छु थाहा छैन । तिमी छैनौ भन्ने विश्वास मेरो हृदयले अहिले पनि स्वीकार गरेको छैन । मेरो आँखाले तिमीलाई राम्रो, सकुशल वरिपरि देखिरहेको छ । सबैले छैनौ भनेपछि मैले बाध्यताले त्यसलाई स्वीकार गरेकी मात्रै हुँ । घरमा प्रत्येक पुस्तक तिम्रो प्रतीक्षामा छन् । तिमी बसेर पढ्ने कुर्सीले कुरिरहेको छ । तिमीले हाँसेको र बोलेको घरभरि गुञ्जिरहेको छ । तिमी छैनौ भन्ने आधार यहाँ केही पनि छैन...।

तिमी आउने बाटो हेरेको यतिका दिन बित्यो । तिमी यतिसम्म निर्दयी त पक्कै होइनौ । तिम्रो त्यो सरलपन कहिलेकाहीँ निर्दयी हुन सक्दैन तर समय नै निर्दयी भयो । तिमीलाई प्रकृतिको क्रूरताले आफ्नो अवस्थाबारे जानकारी दिने समय पनि दिएन किनकि प्रकृति तिम्रो बसमा थिएन । सायद, पूरै जिन्दगी सङ्घर्ष गरेर (बाँकी पृष्ठ ३मा)

## मितव्ययी रुपमा चाडपर्व मनाऔं

- **चाडपर्व मनाउदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,**
- **देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,**
- **आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,**
- **खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,**
- **खाना तथा अन्य सामग्री खेर नफालौं,**
- **मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं,**
- **चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं ।**
- **चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ ।**

नेपाल सरकार,
विज्ञापन बोर्ड

## जितिया पर्व समापन

प्रत्यूष समाचारदाता

महोत्तरी । सन्तानको सौर्य वृद्धि, सुस्वास्थ्य, दीर्घजीवन र कल्याणको कामनासहित मधेसका महोत्तरी सहित सन्तानवती आमाले जितिया पर्व आइतबार समापन गरेका छन्। पितृपक्षअन्तर्गत असोज कृष्णपक्षको लाग्दो अष्टमीसँगै एक अहोरात्र निर्जला व्रत गरिने जितिया आइतबार बिहान ७ः२९ बजे नवमी तिथि प्रारम्भ भएसँगै समापन गरेका हुन्।

यसअघि शुक्रबार पवित्र स्नान गरेर चोखोनीतो खाई व्रत सङ्कल्प गरेका सन्तानवती आमाले सोही रात 'ओगटन' (दर) खाएर निराहार व्रत थालेका थिए। 'ओगटन' मा दहीचिउरा, मिष्ठा (सख्खर) र अमोट खाने मैथिल परम्परा छ। अष्टमीको एक अहोरात्र व्रतको विधानले यसपालि शनिबार बिहान ९ः५४ बजेपछि यो तिथि सुरु भए पनि व्रत भने सूर्योदय हुन एक घडी (करिब साढे दुई घण्टा) पहिले सुरु भएको थियो। व्रतको परम्परागत मान्यतामा एक अहोरात्रपछि नवमी सुरु भइसके सूर्योदयपछि समापन गरिन्छ। नवमी ढिलो सुरु भए यो तिथि एक घडी कटाएर मात्र समापन गरिने विधान छ। देवदूत जितवाहनको आराधना गरिने यो व्रतको प्रभावले सन्तान परोपकारी, पराक्रमी सूयोग्य, दीर्घजीवी, स्वस्थ्य र कर्तव्य परायण हुने मैथिल जनविश्वास छ। सन्तानको कल्याण र सौर्य वृद्धिको कामना पूरा गराउन सन्तानवती मिथिलानीले यस पर्वमा दिवङ्गत पितृ रिझाउन तर्पण गर्ने गर्छन्। पर्वमा सप्तमीका दिन (निराहार व्रतको एक दिन पहिले) बिहानै पवित्र जलाशयमा नुहाएर सूर्य देवतालाई तोरीको तेल र पिनाको अर्घ्य देखाएर व्रत सङ्कल्प गरेपछि वर्तालुले पुरुषले पितृपक्षमा दिवङ्गत आफन्तलाई तर्पण दिए जस्तै आफूहरुले सासु, आमा, जेठानी, देउरानी, नन्दआमाजु, फुपू, दिदीबहिनी, मावल घरकी हजुरआमा र माइजुलगायतका महिला दिवङ्गत परिवारजनलाई तर्पण दिने परम्परा रहिआएको बर्दिवास–२ की पर्मिला ठाकुरले बताउनुभयो। वर्तालुले दिवङ्गत तीन पुस्ताभित्रको नाता पर्ने महिलालाई तर्पण दिने चलनले यस पर्वलाई 'षोडष मातृका श्राद्ध' भन्ने गरिएको कर्मकाण्डी पुरोहित बर्दिवास–२ का पण्डित महेशकुमार झाको भनाइ छ। उहाँका अनुसार सबै दिवङ्गत आफन्तलाई तर्पण दिँदै 'तिमी आफ्ना पौत्र/पौत्री (नाति/नातिनी), प्रपौत्र/प्रपौत्री (पनाति/पनातिनी) र उनका सन्तानको कल्याण गर, उनीहरुलाई दीर्घजीवी बन्ने आशिर्वाद देउ' भन्ने कामना गरिन्छ। अघि द्वापरयुगमा एक जना विधवा ब्राह्मणीको पुकारमा दुष्टको कर्तव्यबाट मरेका उनका सात छोरालाई राजा जितवाहन (देवरुप) ले आफ्नो आर्जित तपशक्तिबाट बचाइ दिएको पौराणिक कथाको आधारमा यो कठोर व्रत बस्ने परम्परा बसेको पाका मैथिल बताउँछन्। पुराणमा भएकाले यसको थालनी द्वापरयुगमा नै सुरु भएको हुनसक्ने मटिहानी स्थित याज्ञवल्क्य लक्ष्मीनारायण संस्कृत क्याम्पस (विद्यापिठ) का मैथिली भाषा साहित्य विषयका उपप्राध्यापक मनोज झा मुक्तिले बताउनुभयो।

## नागरिकका प्रश्न र विचारका लागि 'खुलामञ्च' आवश्यक छः सभापति थापा

काठमाडौं। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले नागरिकका प्रश्न, असहमति र विचारका लागि खुलामञ्च आवश्यक रहेको बताउनुभएको छ। कांग्रेसको १५औं महाधिवेशनको उद्घाटन समारोहलाई आइतबार खुलामञ्चमा सम्बोधन गर्दै सभापति थापाले जनताका जिज्ञासा र प्रश्नको छलफलका लागि मुलुकलाई खुलामञ्च आवश्यक रहेको बताउनुभएको हो।

"दश वर्षपछि खुलामञ्च खुलेको छ, यो काठमाडौंको एउटा चौर मात्रै होइन, नेपाली राजनीतिक आन्दोलनमा खुलामञ्चले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ, यहींबाट धेरै राजनीतिक दल तथा नेताले आफ्नो राजनीतिक यात्रा अगाडि बढाएका छन्", सभापति थापाले भन्नुभयो। सभापति थापाले जननायक बिपी कोइराला, गणेशमान सिंह र गिरिजाप्रसाद कोइरालालेसमेत यही खुलामञ्चबाट ऐतिहासिक राजनीतिक घटना सम्बन्धी भाषण गरेको स्मरण गर्दै खुलामञ्चले फरक विचार तथा मतभेदलाई एउटै ठाउँमा ल्याएर संवाद गर्ने अवसर दिएको उल्लेख गर्नुभयो।

"खुलामञ्चले मतभेदलाई एकैठाउँमा राख्न सहयोग गर्छ", सभापति थापाले भन्नुभयो। उहाँले फरक मत राख्ने, नेतृत्वलाई प्रश्न गर्ने र आलोचना गर्ने अधिकारलाई पार्टीभित्रै संस्थागत गर्नुपर्ने बताउनुभयो। फरक प्रसङ्गमा सभापति थापाले सत्ता र नेतृत्वमा उही अनुहार दोहोरिरहने प्रवृत्तिले नेपालको राजनीति 'म्युजिकल चियर' जस्तो बनेको बताउनुभयो। उक्त प्रवृत्तिले सबै राजनीतिक दल र नेता एउटै हुन्, सबै खराब छन् भन्ने सन्देश जनतामा गएको तथा त्यसकै परिणाम गत भदौ २३ र २४ गतेको घटना घटेको उहाँको धारणा थियो। सभापति थापाले प्रधानमन्त्री बनेका व्यक्ति फेरि प्रधानमन्त्री बन्न खोज्ने, नेता बनेका व्यक्ति फेरि नेतृत्वमा दोहोरिरहने र मन्त्री बनेका व्यक्ति पनि पटकपटक सत्तामा जाने प्रवृत्तिले जनतामा राजनीतिप्रति वितृष्णा बढाएको उल्लेख गर्नुभयो।

### 'विगतका कमजोरीको समीक्षा गर्दै अगाडि बढ्छौं'

सभापति थापाले विशेष महाधिवेशनपछि कांग्रेस निर्वाचनमा गएको तर परिणाम आफ्नो पक्षमा आउन नसकेको बताउनुभयो। कांग्रेसले यसअघि पनि विभिन्न निर्वाचनमा हार र जीत व्होर्दै आएको उल्लेख गर्दै उहाँले अहिले पार्टी नयाँ महाधिवेशनको चरणमा प्रवेश गरेको बताउनुभयो।

"विशेष महाधिवेशनपछि चुनावमा गयौं, तर हाम्रो पक्षमा परिणाम आएन, कांग्रेसले धेरै चुनावमा हार्ने र जित्ने गरेको छ, अब नयाँ महाधिवेशनमा होमिएका छौं", सभापति थापाले भन्नुभयो।

सभापति थापाले १५औं महाधिवेशनलाई विगतका कमजोरीको समीक्षा गर्दै कांग्रेसलाई नयाँ राजनीतिक यात्रामा अघि बढाउने अवसरका रूपमा लिनुपर्ने समेत बताउनुभयो। जनतामा बढेको राजनीतिक वितृष्णा र दलहरू प्रतिको अविश्वास चिर्न कांग्रेसले आफ्नो नेतृत्व, व्यवहार र राजनीतिक कार्यशैलीमा परिवर्तन गर्नुपर्ने उहाँको भनाइ थियो।

सभापति थापाले लोकतन्त्र र जनतालाई प्रत्यक्ष सेवा तथा परिणामसँग जोड्ने पुलको काम कांग्रेसले गर्नुपर्ने बताउनुभयो। मुलुकमा लामो राजनीतिक सङ्घर्ष र परिवर्तन भए पनि रोजगारी सिर्जना, युवा पलायन रोक्ने र जनताको जीवनस्तर सुधार्ने विषयमा अब सबै राजनीतिक दल मिलेर गम्भीर समीक्षा गर्नुपर्ने उहाँको भनाइ थियो।

सभापति थापाले मुलुकले लामो समय राजनीतिक सङ्घर्ष र सङ्क्रमण व्यहोरे पनि त्यसको प्रतिफल जनताको दैनिक जीवनमा पर्याप्त रूपमा पुग्न नसकेको उल्लेख गर्दै यसका कारण सबै राजनीतिक दलले मिलेर खोज्नुपर्ने समेत बताउनुभयो। राजनीतिक परिवर्तनसँगै आर्थिक र सामाजिक रूपान्तरणलाई पनि सँगसँगै अघि बढाउनुपर्ने उहाँको भनाइ थियो।

"यो विषय हामी सबै मिलेर खोज्नुपर्छ, हामी महाधिवेशनमा यही कुरा 'डेलिभरी' दिनका लागि के गर्ने, कांग्रेस कस्तो बनाउने भनेर मन्थन गर्नेछौं", सभापति थापाले भन्नुभयो।

कांग्रेसले अब लोकतन्त्रको कुरा मात्रै नगरी जनतालाई परिणाम दिने राजनीतिक शक्तिका रूपमा आफूलाई स्थापित गर्नुपर्ने सभापति थापाले बताउनुभयो। लोकतान्त्रिक व्यवस्था र जनताको अपेक्षाबीचको दूरी घटाउने जिम्मेवारी कांग्रेसले लिनुपर्ने उहाँको भनाइ थियो।

"डेमोक्रेसी र डेलिभरीको पुलको काम कांग्रेसले गर्छ, पुराना र नयाँ पुस्तालाई जोड्ने काम कांग्रेसले गर्छ, यही सङ्कल्प गर्छ", सभापति थापाले भन्नुभयो। 'कांग्रेस कमजोर हुँदा लोकतन्त्र र जनता बीचको विश्वासमा असर पर्छ' सभापति थापाले कांग्रेस कमजोर वा निष्क्रिय हुँदा लोक-तान्त्रिक व्यवस्था र जनताबीच को विश्वास मा असर पर्नसक्ने बताउनु भयो। कांग्रेसले आफूलाई जनताको आवश्यकता र अपेक्षासँग जोडेर अघि बढाउनुपर्ने उहाँको भनाइ थियो। "आजको दिनमा नेपाली कांग्रेस बन्द भयो भने के हुन्छ भन्ने कुरा जनताले सोच्नुपर्ने बनाउने काम गर्नुपर्छ, पुल ढल्यो भने विश्वास ढल्छ, त्यो विश्वासका लागि कांग्रेसले काम गर्नुपर्ने छ", सभापति थापाले भन्नुभयो। कांग्रेसले आफ्नो राजनीतिक सिद्धान्त र मूल्यमा स्पष्ट भएर अघि बढ्नुपर्ने सभापति थापाले बताउनुभयो। तत्कालको राजनीतिक लाभका लागि सिद्धान्तसँग सम्झौता गर्ने प्रवृत्तिबाट पार्टी टाढा रहनुपर्ने उहाँको भनाइ थियो। आर्थिक विकास र रोजगारी सिर्जनाका लागि निजी क्षेत्र तथा उद्योगी व्यवसायीको भूमिकालाई सम्मान गर्नुपर्ने उहाँले बताउनुभयो।

सभापति थापाले निर्वाचन आउने र जाने भए पनि त्यसको महत्वलाई बेवास्ता गर्न नहुने बताउनुभयो। निर्वाचनको परिणाम महत्वपूर्ण भए पनि तत्कालको चुनावी लाभभन्दा दीर्घकालीन रूपमा देश र जनताको हितमा काम गर्ने राजनीतिक संस्कार आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो।

सभापति थापाले १५औं महाधिवेशनलाई कांग्रेसको नेतृत्व परिवर्तन गर्ने मात्रै नभई पार्टीको आगामी राजनीतिक दिशा, नीति र जनतालाई परिणाम दिने क्षमताबारे गम्भीर मन्थन गर्ने अवसरका रूपमा अघि बढाउने बताउनुभयो। उहाँले कांग्रेसका केही साथीहरू पार्टीबाट बाहिरिएको उल्लेख गर्दै उहाँहरुलाई कांग्रेस छाडेको हो कि होइन भन्ने विषयमा पनि अब स्पष्ट उत्तर दिनुपर्ने बताउनुभयो। उहाँले पार्टीभित्र रहेका सबैलाई समेट्ने र बाहिरिएका नेताहरूका सम्बन्धमा पनि स्पष्ट धारणा बनाइने बताउनुभयो। सभापति थापाले बदलिएको कांग्रेसले देश पनि बदल्न सक्छ भन्ने विश्वासका साथ १५औं महाधिवेशनबाट नयाँ ऊर्जा र सङ्कल्प लिएर बाहिरिनुपर्ने बताउनु भयो। उहाँले देशको पछिल्लो अवस्थालाई हेर्दा उत्सवका रूपमा मात्रै महाधिवेशन गर्न आफूहरूलाई सहज नभएको बताउनुभयो। "रसुवाको भोटेकोशीमा गएको बाढीका कारण हजारौं नागरिक हामीमाझ हुनुहुन्न। यो महाधिवेशन गर्न मन थिएन। तर संविधान र कानुनको परिधिका कारण गर्न बाध्य भयौं", सभापति थापाले भन्नुभयो।

## प्रिय टेकराज ..............

भर्खरै खुसीका पालुवा पलाएको प्रकृतिले देख्न सकेन। खुसीले सास फेरेको हेर्न सकेन।

मेरो प्रिय जी! तिमी जहाँ छौ खुसी रहनु। तिमीप्रतिको माया, प्रेम र भरोसा सदा उत्तिकै रहन्छ। तिमीले दिएको सत्कर्मको मार्गदर्शन र तिमीले मप्रति गरेको विश्वासमा म कहिल्यै आँच आउन दिने छैन। तिमी सम्पर्कविहीन भएपछिका मेरा असह्य पीडाका दिनहरूमा म कार्यरत अफिस रासस 'परिवार' भएर उभियो। परिवारको प्रत्येक सदस्यको मुहारमा कान्ति छैन। तिमी कार्यरत नयाँ पत्रिका मेरो अर्को 'परिवार' भएर उभियो। तिम्रा सहकर्मीहरू र पूर्वसहकर्मीहरू देशविदेशमा भएका सबै भावविह्वल हुनुभयो।

तिम्रा 'सिनियर' र साथीहरू निःशब्द हुनुहुन्छ। सिङ्गो नेपाली पत्रकारिता स्तब्ध भयो। तिमी बेपत्ता भन्ने सुनेदेखि नेपाल थामी समाज पानीबिनाको माछाजस्तै मर्माहत भयो। सबै तिम्रो खोजी गर्नेदेखि मलाई आत्मबल दिने हरेक काममा साथ छन्। मेरा साथीहरू तिमी बेखबर भएदेखि मेरो वरिपरि खम्बा भएर उभिएका छन्।

सबैले तिमी हराएपछि एउटा निडर र असल पत्रकारको कमी महसुस गरेका छन्। जी! तिमी सबैको प्रिय पात्र हौ। महान पत्रकार हौ। आफ्नो सत्कर्मका कारण सबैका माझ तिमी अमर रहनेछौ। खुसी हुनु! तिमीले देखेनौ जी! तिमीलाई माया गर्ने हजारौं मानिसहरू तिम्रो सम्मानमा उभिनुभएको छ। नेपाल पत्रकार महासङ्घले तिम्रो कर्मको स्मरण गर्दै कुशको शरीरमा महासङ्घको झण्डा ओडाएर सम्मान गरेको छ। महासङ्घ आफैं पनि स्तब्ध छ। असह्य पीडाका दिनहरूमा हजारौं मानिस हरू मेरो साथमा उभिनुभयो। सबै हुनुहुन्छ तर जी! तिमी छैनौ। तिम्रो अनुपस्थितिमा हामी अपुरा, अपुरा भएका छौं। तिमी मेरो हृदयको गहिराइमा बसेको पात्र हौ। म तिमीलाई कहिल्यै पनि 'बिदाइ' गर्न सक्दिनँ। हामी एकअर्कामा कहिले पनि टाढा हुँदैनौं। हामीले बाँचेका हरेक पल ताजै छन्। तिमी मेरो जीवनको एउटा हिस्सा हौ। जुन प्रकृतिले पनि कहिले पनि खोस्न सक्दैन। मलाई तिम्रो पत्नी हुनुमा गर्व छ। सदा रहनेछ। तिमीप्रतिको मेरो सम्मान जीवनपर्यन्त रहने छ। तिम्रो पृथ्वीमा रहँदाको सत्कर्मलाई इतिहासले सम्झनेछ। पुस्तौंपुस्ताले सम्झनेछन्। सबैलाई राम्रो देख्ने तिम्रा ती आँखा। सबैलाई माया र सम्मान गर्ने तिम्रो बानी। तिमीमा एक अद्भुत मानवता थियो। कसैले पनि तिम्रो अहिलेको अवस्थाबारे आँखाले देखेका छैनन्। तिमी कहींकतै छौ भन्ने पनि अवश्य आउनेछौ। त्यो आउने दिनसम्म बाटो हेरिरहने उही तिम्रो प्रिय पत्नी...।

## हरित क्रान्तिमार्फत समृद्धिको सङ्कल्प पूरा गर्नुपर्छः घिसिङ

बनेपा। उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले हरित क्रान्तिलाई प्राथमिकता दिँदै आर्थिक समृद्धिको यात्रा तय गर्नुपर्ने बताउनुभएको छ। आइतबार (हिजो) बनेपामा पार्टीको जिल्ला समिति कार्यालयको उद्घाटन तथा शुभकामना आदान-प्रदान कार्यक्रम मा उहाँले जिल्लाका गाउँपालिका तथा नगरपालिकामा पार्टीको सङ्गठन विस्तार भइसकेको बताउनुभयो। अध्यक्ष घिसिङले देश निर्माणका लागि सहकार्य र समन्वयमार्फ सबै निरन्तर खटिनुपर्ने कुरामा जोड दिनुभयो। उहाँले भन्नुभयो, "हामीले एक दिन र एक घण्टा पनि खेर नफाली निरन्तर मेहनतका साथ काम गर्नुपर्नेछ।" उहाँले लामो समयदेखि आर्थिक सङ्कट तथा अभावमा गुज्रिएको मुलुकको अर्थतन्त्रलाई बलियो बनाउन संस्थागत सुदृढीकरण गर्दै अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

नेपालको जलस्रोत, कृषि तथा प्राकृतिक स्रोतको उच्चतम उपयोग गर्दै हरित क्रान्तिमार्फत देशको अर्थतन्त्रमा सुधार ल्याउनु पर्नेमा उहाँले जोड दिनुभयो। कृषिको आधुनिकीकरण, स्वच्छ ऊर्जाको प्रवर्द्धन र स्वदेशमै रोजगारी सिर्जना गरी युवालाई विदेश पलायन हुनबाट रोक्न तथा



स्वदेशमै उद्यम गर्न प्रेरित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। कार्यक्रममा पार्टीका नेता तथा कार्यकर्ताको पनि बाक्लो उपस्थिति थियो।

## थारू समुदायको परम्परागत स्वाद बोकेको घोंगीलाई 'बजारीकरण' गरिँदै

तुलसीपुर। भापमा पाकेको तातो ढिक्री र थारू समुदायको परम्परा गत स्वाद बोकेको घोंगी.... थारू भान्सामा परापूर्वकालदेखि पाक्दै आएका यस्तै मौलिक परिकारहरु अब गाउँघर र पर्वमा मात्र सीमित छैनन्। यी परिकारलाई बजारीकरण गरेर आम्दानीको स्रोत बनाउन थालिएको छ। शनिबारमात्रै दाङको घोराहीमा थारू समुदायका परम्परागत परिकारहरू उपलब्ध गराउने उद्देश्यले 'ढिक्री घर' सञ्चालनमा ल्याइएको छ। थारू समुदाय संस्कार, संस्कृति, खानपान, रहनसहनका हिसाबले धनी समुदाय भए पनि पछिल्लो समय लोप हुँदै गएको भन्दै त्यसलाई संरक्षण गर्नका लागि 'ढिक्री घर' खोलिएको सञ्चालक रोशन रत्यौले बताउनु भयो। बजारमा विभिन्न समुदायका सांस्कृतिक खानपान र रेस्टुरेन्ट हरूको बाक्लो उपस्थिति भए पनि थारू संस्कृतिको खानपान भने व्यावसायिक रूपमा अझै पछाडि र कमजोर रहेको भन्दै सञ्चालनमा ल्याइएको उहाँको भनाइ छ।

विशेषगरी चामलको पीठोबाट बनाइने ढिक्री र तराईको मौलिक तथा लोकप्रिय स्वाद घोंङी, अनदीको भात, भक्का, सुँगुरको मासु, हाँसको मासु, लोकल कुखुराको मासु, गङ्गटालगायत थारू समुदायको पहिचानका रूपमा रहेका सबै परिकार उपलब्ध हुने सञ्चालक जितेन्द्र चौधरीले बताउनुभयो। "थारू समुदायको पहिचानका रूपमा जुन-जुन खाना छन्, ती सबै खानालाई हामीले उपलब्ध गराउने छौं", उहाँले भन्नुभयो, "यसले हाम्रो खानपान लाई व्यावसायिकमात्रै होइन, पहिचान जोगाउन पनि मद्दत पुग्ने अपेक्षा लिएका छौं।" समुदायको महत्वपूर्ण परिकार भएको भन्दै यस्ता परिकारलाई व्यावसायिकरण गर्नु सकारात्मक कुरा रहेको घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरीले बताउनुभयो। थारू समुदायका परिकार स्वास्थ्यका हिसाबले पनि उत्तम रहने भएकाले धेरैले मन पराउने गरेको भए पनि बजारीकरण हुनसकेको थिएन।

# समृद्धिका लागि तीन तहबीच समन्वय, सहकार्य र सहअस्तित्व आवश्यक

ललितपुर । बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले सङ्घीयताको कार्यान्वयनमा भएको कमजोर पक्षको सुधार गर्दै समृद्ध बागमती प्रदेश निर्माणका लागि सङ्घ, प्रदेश र स्थानीयका सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्व आवश्यक रहेको बताउनुभएको छ।

बागमतीको प्रदेश सुशासन केन्द्रले आइतबार ललितपुरमा आयोजना गरेको 'सङ्घीयता कार्यान्वयनका १० वर्ष' विषयक अन्तरसंवाद कार्यक्रम मा उहाँले प्रदेश र स्थानीय तहबीच पर्याप्त समन्वय नहुँदा प्रदेशबाट पठाइएका वित्तीय हस्तान्तरण तथा साना विकास योजनाको कार्यान्वयन मा समस्या देखिएको बताउनुभयो । "स्थानीय तहसँग समन्वय नगरी प्रदेशस्तरबाट योजना समावेश गर्दा कतिपय प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको अवस्था छ । तीनै तहका जनप्रतिनिधि र सरकारबीच सहकार्य भएमा विकास निर्माणका योजना प्रभावकारी रूपमा सञ्चालन हुनेछन्, जसबाट बागमती प्रदेशका १३ वटै जिल्लाका नागरिक प्रत्यक्ष लाभान्वित हुनेछन्", मुख्यमन्त्री थापामगरले भन्नुभयो ।

उहाँले बागमती प्रदेश सरकारले शिक्षा क्षेत्रमा शिक्षक क्षमता विकास, सूचना तथा सञ्चार प्रविधि (आइसिटी) कक्षा तथा आवश्यक उपकरणका लागि बजेट विनियोजन गर्दै आएको जानकारी दिनुभयो। प्रदेश सरकारले बागमती विश्व विद्यालय सञ्चालन गर्नुका साथै स्वास्थ्य क्षेत्रमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमार्फत सेवा तथा जनशक्ति विकासमा काम गरिरहेको उहाँले उल्लेख गर्नुभयो। प्रदेशका विभिन्न कार्यक्रमले शिक्षा, स्वास्थ्य तथा समग्र आर्थिक गतिविधिमा योगदान पुर्याइरहेको बताउँदै मुख्यमन्त्री थापामगरले स्थानीय तहका जनप्रतिनिधि, प्रदेशसभा सदस्य र सङ्घीय सांसदबीच पनि निरन्तर समन्वय आवश्यक रहेको धारणा राख्नुभयो। सरकारले निर्माण गरेका ऐन, कानुनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै नागरिकले प्रत्यक्ष लाभ पाउने वातावरण बनाउनु पर्नेमा उहाँले जोड दिनुभयो । बागमती प्रदेशका उपसभामुख अप्सरा चापागाईंले सङ्घीयता कार्यान्वयन र सवलीकरणमा प्रदेश सरकारले खेलेको भूमिका महत्वपूर्ण रहेको बताउँदै नागरिकमैत्री सेवा प्रवाहमा समन्वय, सहकार्य र सहअस्तित्व आवश्यक रहेकामा जोड दिनुभयो । सीमित स्रोत साधनको बाबजुद पनि प्रदेश सरकारले सङ्घीयताको कार्यान्वयन का सन्दर्भमा कानुन निर्माण गर्न प्रभावकारी भूमिका निर्वाह गर्दै आएको जानकारी गराउँदै जिम्मेवारी पदमा रहेका सबैको सकारात्मक भूमिका रहनुपर्ने धारणा राख्नुभयो ।

उपप्रमुख चापागाईंले सङ्घीयताको कार्यान्वयन र नागरिकमैत्री कानुन निर्माणमा प्रदेशसभाबाट महत्त्वपूर्ण भूमिका निर्वाह भइरहेको जनाउँदै बागमती प्रदेशले सङ्घीयताको कार्यान्वयन र सवलीकरणमा सातै प्रदेशको अगुवा प्रदेशका रूपमा आफूलाई स्थापित गर्दै भइरहेको बताउनुभयो । काठमाडौँ महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डङ्गोलले संविधानको अनुसूचीमा लेखिएका अधिकारहरू कार्यान्वयन नभए सम्म सङ्घीयता सवलीकरण नहुने भन्दै सङ्घीयताको सफल कार्यान्वयन मा तीन तहबीच समन्वय, सहकार्य र सहअस्तित्व आवश्यक पर्नेमा जोड दिनुभयो ।

सङ्घीयताको सन्दर्भमा पदमा हुँदा एउटा र पदमा नरहँदा अर्को व्याख्या गर्ने पद्धति राख्न नहुनेमा उहाँले जोड दिनुभयो । उहाँले राज्यशक्तिको बाँडफाँडको सिद्धान्त लाई तीनै तहबीच कानुनी रूपमा हुनुपर्ने उहाँको भनाइ छ । सङ्घीयता विज्ञ एवं राष्ट्रिय सभाका पूर्वसदस्य डा खिमलाल देवकोटाले सङ्घीयताको कार्यान्वयन सँगै सिंहदरबारको अधिकार नागरिकको घरदैलोमा पुगेको, प्रदेशिक र स्थानीय विकासको जग बसेको, स्रोत र साधनको समानुपातिक बाँडफाँड र सहभागिता मूलक विकास र शान्ति कायम भएको उल्लेख गर्नुभयो । उहाँले तीन तहबीचको समन्वयमा शान्ति, सुशासन र विकासमा काम गर्दै सङ्घीयता सवलीकरणमा लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरीले भौतिक पूर्वाधारको विकाससँगै नागरिकको आर्थिक, सामाजिक विकास पनि प्रभावकारी रूपले अगाडि बढाइनु पर्नेमा जोड दिनुभयो । उहाँले सुशासन कायम र पारदर्शिता प्रवर्द्धनका लागि जनप्रतिनिधि र कर्मचारी मिलेर काम गर्नुपर्ने, सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्दै जानुपर्ने र विकासलाई नागरिकले आत्मसात र अनुभूति गर्न सक्ने गरी अगाडि बढाइनुपर्नेमा जोड दिनुभयो। पहुँचका आधारमा भन्दा पनि नागरिक र समुदायको आवश्यकताका आधारमा विकासलाई अगाडि बढाइनुपर्ने उहाँको भनाइ छ। विदुर नगरपालिकाका उपप्रमुख प्रभा वोगटीले स्थानीय तहबाट संस्थागत विकासमा निरन्तर योगदान भइरहेको जानकारी गराउँदै सो क्रममा नागरिकको सेवा प्रवाहमा सकारात्मक काम भएका बताउनु भयो। उहाँले विपद्मा प्रदेश सरकारले खेलेको भूमिका उल्लेखनीय र महत्वपूर्ण भएको बताउनुभयो ।

प्रदेश सचिव उमेशकुमार ढकालले प्रदेश स्थापनादेखि हालसम्म भएका उपलब्धि एवं चुनौती, सेवा प्रवाहमा भएका सुधार तथा संस्थागत विकास, स्थानीय तहसँगको समन्वयलगायत विषयमा समेत प्रस्तुतीकरण गर्नुभएको थियो ।

# मौरीपालक किसानका लागि बिमा कम्पनीको सर्तमा समस्या

चितवन। कालिका नगरपालिका-६ निवासी जगबहादुर पुन मौरीको बिमा गर्न तयार हुनुहुन्छ। तर बिमा कम्पनीले लगाएको सर्त देख्दा उहाँ बिमा गर्नु वा नगर्नु भन्ने दोधारमा हुनुहुन्छ। विसं २०७४ मा २० घार मौरी विषादीका कारण मरेपछि उहाँले मौरीको बिमा गर्न खोजे पनि हालसम्म कुनै निर्णय भने गर्न सक्नुभएको छैन ।

पुनले भन्नुभयो, "हामी बिमा गर्न चाहन्छौँ, तर क्षेत्र समेटिँदैन । बिमामा सीमित क्षेत्र मात्र छ, जसका कारण मौरीपालक किसानले चाहेर पनि बिमा गर्न सकिरहेका छैनन्।" उहाँका अनुसार गाडी दुर्घटना हुँदा, चक्काजाम हुँदा वा विषादी प्रयोग हुँदा बिमाबापतको सुविधा नदिइने भएपछि किसान यसप्रति आकर्षित हुन नसकेका हुन्। मौरीपालक किसान समस्यामा पर्दा बिमाले काम नगर्ने भएकाले यसतर्फ आकर्षण घट्दै गएको उहाँको भनाइ छ । मौरीपालक किसान विष्णुप्रसाद भुसालले बैंकबाट कृषि ऋण लिएकाबाहेक अन्यको बिमा गर्न कम्पनीहरूले नमान्ने गरेको गुनासो गर्नुभयो । उहाँका अनुसार बिमा गरेकाहरूले पनि दाबीबापतको रकम सजिलै पाउन सकेका छैनन् । उहाँले भन्नुभयो, "विसं २०८० मा मैले बिमा गरेको थिएँ। त्यतिखेर मेरो ११० घार मौरी मरेका थिए। तर, छ घारको मात्र बिमा कम्पनीले भुक्तानी गर्यो, त्यो पनि पाउन छ महिना लाग्यो ।"

बैंकको ऋण नभएका किसानको बिमा गर्न कम्पनीहरूले मान्दै नमान्ने र बिमा गरिसकेका किसानलाई पनि विभिन्न क्षेत्र समावेश नभएको बहाना बनाउँदै दाबी भुक्तानी दिन अस्वीकार गर्ने गरेको भुसालको गुनासो छ। कृषि विकास कार्यालय, चितवनका प्रमुख झलकनाथ कँडेलले मौरीपालक किसानको मौरी बिमाका लागि राज्यले ८० प्रतिशत रकम अनुदान भुक्तानी गर्ने व्यवस्था गरे पनि अहिलेसम्म दाबी भुक्तानी माग गर्न कोही किसान नआएका बताउनुभयो। बिमा गर्दा किसानलाई फाइदा हुने भए पनि जानकारी र प्रक्रियागत कारणले किसानहरू कम आएको उहाँको भनाइ छ। बिमापछि मौरीमा समस्या देखिएमा भुक्तानी लिने प्रक्रिया झन्झटिलो भएकाले पनि किसानले बिमाप्रति खासै ध्यान नदिएको हुनसक्ने उहाँले बताउनुभयो।

बागमती प्रदेशको कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयका सचिव सुधीर श्रेष्ठले मौरीको बिमा प्रक्रियालाई सहज बनाउन प्रदेश सरकार सहजीकरण गर्न तयार रहेको बताउनुभयो । अहिले यसतर्फ किसानको आकर्षण बढ्न नसक्नुका कारणहरू पहिचान गर्दै समाधानतर्फ अघि बढ्ने उहाँको भनाइ छ ।

# भारतीय राष्ट्रिय कांग्रेस र नेपाली कांग्रेसबीच लोकतान्त्रिक सहकार्यको इतिहास छ : अध्यक्ष खड्गे

काठमाडौँ । भारतीय राष्ट्रिय कांग्रेसका अध्यक्ष मल्लिकार्जुन खड्गेले भारतीय राष्ट्रिय कांग्रेस र नेपाली कांग्रेसबीच लोकतन्त्रको स्थापना, संरक्षणलगायत क्षेत्रमा लामो समयदेखि घनिष्ठ सम्बन्ध र सहकार्य रहँदै आएको बताउनुभएको छ ।

कांग्रेसको १५औँ महाधिवेशनका अवसरमा सभापति गगनकुमार थापालाई शुभकामना सन्देश पठाउँदै अध्यक्ष खड्गेले दुई देशका राजनीतिक दलबीचको लोकतान्त्रिक सहकार्यको स्मरण गर्नुभएको हो । उहाँले कांग्रेसको महाधिवेशन संस्थापक नेता बिपी कोइरालाले अघि सारेका लोकतान्त्रिक मूल्य-मान्यता, नागरिक स्वतन्त्रता र सामाजिक न्यायका विषयमा छलफल गर्ने महत्वपूर्ण अवसर भएको बताउनुभयो ।

"राष्ट्रिय महाधिवेशन वास्तवमा तपाईंका संस्थापक स्वर्गीय बिपी कोइरालाले अगाडि बढाउनुभएको लोकतान्त्रिक मूल्य-मान्यता, नागरिक स्वतन्त्रता र सामाजिक न्यायका साथै लोकतान्त्रिक संस्थाहरूको निरन्तर सुदृढीकरणबारे विचार-विमर्श गर्ने महत्त्वपूर्ण अवसर हो", अध्यक्ष खड्गेले सन्देशमा भन्नुभयो ।

उहाँले भारतीय राष्ट्रिय कांग्रेस र नेपाली कांग्रेसबीच लोकतन्त्रको हितमा आपसी समझदारी, ऐक्यबद्धता र सहकार्यको लामो तथा घनिष्ठ इतिहास रहेको उल्लेख गर्नुभयो ।

"म यी सम्बन्धहरू र हाम्रा दुई पार्टी तथा दुई देशबीचको स्थायी सम्बन्धलाई उच्च सम्मान गर्दछु", अध्यक्ष खड्गेले सो क्रममा भन्नुभएको छ ।

# बाढीले डुबाएको घर सफा गर्दै दक्षिण कोरियाली स्वयंसेवक

नुवाकोट। विपद्का समयमा एउटा समुदायले अर्को समुदायलाई साथ दिनुपर्छ । सायद, मानवीय सहयोगमा भूगोल वा अन्य कुनै छेकबार हुँदैन, केवल मन भए पुग्छ। विपद्का बेला भौगोलिक सीमाभन्दा माथि उठेर मानवीय सहयोग गर्नुपर्छ भन्ने सन्देशसहित दक्षिण कोरियाबाट आएको स्वयंसेवी टोलीले भोटेकोशी बाढी प्रभावित नुवाकोटको घर सरसफाइ तथा पुनरुत्थानमा गरेको काम स्थानीय समुदायका लागि प्रेरणाको स्रोत बनेको छ ।

गत साता नेपाल आइपुगेको आठ सदस्यीय कोरियाली टोलीले नुवाकोटको विदुर नगरपालिका-१ ढुङ्गेस्थित बजारका घरहरूमा १० दिनसम्म सरसफाइको अनुमति लिएर मजदुर झैँ काम गरिरहेको छ। विदुर-१ का वडाध्यक्ष लेनिन रञ्जितद्वारा प्रदान गरिएको अनुमतिपत्रको प्रतिलिपिलाई सरसफाइ भइरहेको घर अगाडि टाँसेर टोलीले चर्को घामको वास्ता नगरी घरमा पुरिएको माटो खन्ने, ढुङ्गा फाल्ने, भाँचिएका बिम र काठहरू हटाउने लगायत काम गरिरहेको छ । टोलीले हाल नुवाकोटको ढुङ्गे बजार क्षेत्रमा पुगेर बाढीबाट प्रभावित घर तथा आसपासको क्षेत्रको सरसफाइ गरिरहेको छ। लिडर लि खाङ उको नेतृत्वमा रहेको टोलीमा लि चाइ जुङ्ग, नम हा जिन, सिन जेउङ हुन, किम हो योङ्ग, योन हु योङ, किम साङ्ग कि र लि योङ्ग चोयल सहभागी हुनुहुन्छ। यस समूहमा ८४ वर्षीय किम साङ्ग कि पनि हुनुहुन्छ । बुढ्यौली उमेरमा अर्काको मुलुकमा आएर यस्तो काममा लागेको देख्दा स्थानीय समुदायले आफूहरूलाई पनि काम गर्न उत्प्रेरणा मिलेको अनुभव गरेका छन् ।

'लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ आइ नेपाल' र 'लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३५४ डि कोरिया'को संयुक्त आयोजनामा आएको '९११ सर्च एण्ड रेस्क्यु' टिमले बाढीबाट क्षतिग्रस्त घर तथा बस्ती सफा गरी पुनः बस्नयोग्य बनाउने कामलाई तीव्रता दिएको हो। 'एक समुदाय विपद्मा पर्दा अर्को समुदायले मानवीय सहयोग गर्नुपर्छ' भन्ने भावनाका साथ आफूहरू नेपाल आएको टोली नेता लि खाङ उले बताउनुभयो। विपद्को समयमा प्रभावित समुदायलाई प्रत्यक्ष सहयोग पुर्याउनुका साथै सामूहिक प्रयासबाट पुनरुत्थान सम्भव छ भन्ने सन्देश दिन टोली नेपाल आएको उहाँको भनाइ छ ।

उहाँले यसअघि नेपालमा गएको विनाशकारी भूकम्पको समयमा पनि आफ्नो टोली उद्धार तथा राहत कार्यमा सहभागी भएको स्मरण गर्नुभयो । उहाँका अनुसार '९११ सर्च एण्ड रेस्क्यु टिम'ले हालसम्म विश्वका ५४ भन्दा बढी मुलुकमा पुगेर विभिन्न विपद्मा उद्धार तथा विपद् व्यवस्थापनसम्बन्धी काम गरिसकेको छ। लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ आइ नेपाल र डिष्ट्रिक्ट ३५४ डि कोरियाबीच कायम भएको भगिनी सम्बन्धका आधारमा संयुक्त उद्धार तथा सरसफाइ अभियान सञ्चालन गरिएको हो ।

लायन्स डिष्ट्रिक्ट ३२५ आइ नेपालका क्याविनेट सेक्रेटरी अनुजकुमार श्रेष्ठले दुई देशका लायन्सबीचको सम्बन्धलाई मानवीय सेवामा रूपान्तरण गर्न यस अभियानले महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो । विपद्का बेला एक देश वा समुदायलाई अर्को देश तथा समुदायले सहयोग गर्ने संस्कारले मानवीय सम्बन्ध र आपसी भाइचारालाई थप बलियो बनाउने उहाँको भनाइ छ ।

विपद् व्यवस्थापन केवल राज्य वा कुनै एक संस्थाको दायित्व नभई समुदाय, देश र अन्तराष्ट्रियस्तरमा समेत साझा जिम्मेवारी हो भन्ने उदाहरणका रूपमा कोरियाली टोलीको सेवा कार्यलाई हेरिएको छ। बाढीले घरबार तथा जनजीवन प्रभावित भएका बेला टाढाको देशबाट आएर प्रभावित बस्तीको सरसफाइमा स्वयंसेवा गर्नुले विपद्मा मानवीय एकता र सहकार्यको महत्वलाई उजागर गरेको छ । दश दिने सेवा कार्यक्रमका लागि नेपाल आएको उक्त कोरियाली लायन्स सर्च एण्ड रेस्क्यु टिम आगामी अक्टोबर ७ मा स्वदेश फर्किने टोलीका भाषा अनुवादक अनुपजङ्ग बस्नेतले जानकारी दिनुभयो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार भोटेकोशी बाढीबाट एक हजार ४५१ को मृत्यु र पाँच हजार ७४५ जना बेपत्ता छन् भने हजारौँ घर बगेका छन् । भग्नावशेष व्यवस्थापनका लागि विभिन्न निकायबाट नुवाकोटको देवीघाट, ढुङ्गे, त्रिशूलीलगायत क्षेत्रमा एक्स्काभेटर, ब्याकहो लोडर, टिप्पर आदि उपकरण र जनशक्ति परिचालन गरिएको छ ।

# बेत्रावतीको बेलीब्रिज दसैँअघि सञ्चालनमा आउने

रसुवा । नेपाली सेनाको नेतृत्वमा रसुवा-नुवाकोट सीमासँगै बेत्रावती स्थित फलाखुखोलामा निर्माण हुने बेलीब्रिज दसैँअघि सञ्चालनमा आउने भएको छ ।

गत भदौमा गएको रसुवा बाढीले सो खोलाको पक्की पुल बगाएपछि अवरुद्ध भएको पासाङ ल्हामुमार्गस्थित सो खोलामा बेलीब्रिज निर्माण भएसँगै सडक यातायात सञ्चालनमा आउने छ।

नेपाली सेनाका प्रवक्ता सहायक राजाराम बस्नेतका अनुसार गल्छी-मैलुङ-स्याफ्रुबेँसी सडक सुधार आयोजनाले आगलीटार-बेत्रावती सडकखण्ड सञ्चालनमा ल्याएपछि बेलीब्रिज निर्माणका लागि आवश्यक सामग्री ढुवानी गर्न सहज भएको हो । "बेलीब्रिज जडानका क्रममा आवश्यक सामग्री बेत्रावती स्थित निर्माणस्थल पन्छाइएको छ। बाढी प्रभावित जनतालाई राहत दिने सरकारी नीति तथा कार्यक्रमलाई मूर्तरुप दिन बडादसैँअघि नै बेलीब्रिज जडान गरी सवारीसाधन सञ्चालन गर्ने लक्ष्यका साथ काम भइरहेको छ", प्रवक्ता बस्नेतले भन्नुभयो । गत भदौ १० गते भोटेकोशी नदीमा गएको बाढीले बेत्रावती बजार क्षेत्रमा ठूलो क्षति पुर्‍याउनुका साथै फलाखुखोलामा रहेका पुरानो र नयाँ दुवै पक्की पुल बगाएसँगै काठमाडौँ-नुवाकोट हुँदै रसुवासम्मको सडक यातायात प्रभावित भएको छ ।

रसुवाको दक्षिणी तथा उत्तरी क्षेत्रबीचको आवागमन, दैनिक उपभोग्य वस्तुको ढुवानी तथा अत्यावश्यक सेवासमेत प्रभावित भएको छ । बेलीब्रिज निर्माणपछि राजधानी काठमाडौँसँग रसुवाको सडक सम्पर्क सहज हुने जिल्लावासीको अपेक्षा छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com